मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

जग्गा बिक्रीमा

जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर-ढल्केवर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कट्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ। ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला।

सम्पर्क नं.-9817880359

● वर्ष २ ● अंक १८४ ● २०८१ साल जेठ ११ गते शुक्रबार ● Friday 24, May 2024 ● सूर्योदय: बिहान ५:१३ बजे ● सूर्यास्त: साँझ ६:५१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## नदीमा मापदण्डविपरीत उत्खनन्
## सरोकारवाला मौन

**एसपी गौरव**
**सर्लाही ।**

लालबन्दी र ईश्वरपुर नगरपालिकास्थित कालिन्जोर खोला र फुलजोर खोलामा अवैध उत्खनन् भएको भन्दै डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीले सरोकारवाला निकायलाई पत्राचार गरेको छ । लालबन्दी नगरपालिकाले कालिन्जोर खोला र ईश्वरपुर नगरपालिकाले फुलजोर खोला उत्खनन् गर्न भन्दै केही महिना पहिला ठेक्का लगाएको भए पनि 'ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड २०७९' एवम् प्रचलित ऐन तथा नियमको प्रक्रिया पूरा नगरी उत्खनन् गरिएको पाइएको भन्दै सरोकारवाला निकायलाई नियमानुसार गर्न पत्राचार गरिएको डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीका सूचना अधिकारी एवम् सहायक वन अधिकृत राकेश रञ्जन दासले जानकारी दिए ।

उनका अनुसार, लालबन्दी नगरपालिकाको वैशाख २५ गते २०९४ पत्र संख्याको पत्र प्राप्त भएको तर नदीजन्य पदार्थको ठेक्कापट्टाको परिमाणको विवरण, ठेक्का सकारकर्ताको विवरण, प्रयोग भएको मेसिनको विवरण र इजाजत, नदीजन्य पदार्थको ढुवानी गर्ने साधनको विवरणका साथै ठेक्का सम्झौतालगायतका कागजात लालबन्दी नगरपालिकाले डिभिजन वन कार्यालय लालबन्दी, सर्लाहीलाई नबुझाएपछि कार्यालयको ध्यानाकर्षण भएको हो ।

लालबन्दी नगरपालिकाले कालिन्जोर खोला र ईश्वरपुर नगरपालिकाले फुलजोर खोला ठेक्का लगाएका भए पनि नदीजन्य पदार्थको संकलन, उत्खनन् तथा बिक्रीवितरण कार्यको ठेक्का व्यवस्था हुनुपुर्व नदीको वातावरणीय अवस्थाको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरी तयार पारेको प्रतिवेदन अध्ययनपछि मात्र ठेक्का सदर गर्नुपर्ने, नदीजन्य पदार्थ उत्खनन् र संकलन केन्द्र निर्धारण गरी सोअनुसार सीमांकन (चिन्ह) वा संकेत लगाई जिल्लास्तरीय अनुगमन समितिबाट अनुगमन एवम् निर्णय गराएपछि मात्रै नदीजन्य पदार्थ उत्खनन् र संकलनको कार्य गर्नुपर्ने, मेसिनको प्रयोग गर्नुपर्ने भए वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका शर्त र सीमाभित्र रही नदीजन्य पदार्थ उत्खखन् तथा संकलन गर्नु पर्ने, विपद्को जोखिम र संवेदनशील क्षेत्रमा मेसिन प्रयोग गर्नु पर्ने भए जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनु पर्ने कानुनी व्यवस्था रहेको डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीका प्रमुख एवम् डिभिजन वन अधिकृत मन्जुर अहमदले बताए ।

उनका अनुसार 'ढुंङ्गा,गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापनसम्बन्धी (पहिलो संसोधन) मापदण्ड २०७९' तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा व्यवस्था तथा

बाँकी पृष्ठ ३ मा

## ४८ घण्टा सीमानाका बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**

भारतमा हुन लागेको छैठौँ चरणको लोक सभाको निर्वाचनलाई लक्षित गर्दै बिहार राज्यको पश्चिमी चम्पारणसँग जोडिएको वीरगंजसहित बारा, पर्साका सीमानाका बिहीबार बिहानदेखि २ दिनसम्म बन्द भएका छन् । बिहार राज्यको पश्चिमी चम्पारणमा शनिबार हुन लागेको लोकसभा निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशसँग जोडिएका बारा, पर्सासहितका नाका ४८ घण्टासम्म बन्द रहेको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय पर्सा र बाराले छुट्टाछुट्टै सूचना जारी गर्दै बिहारसँग जोडिएका सीमानाकाहरु बन्द रहने जनाएका छन् । निर्वाचन शान्तिपूर्ण र भयरहित ढंगले सम्पन्न गर्न नेपाल–भारतका सुरक्षा अधिकारीबीच २०८० फागुन ५ गते सम्पन्न संयुक्त सुरक्षा बैठकले बिहारसँग सीमा जोडिएका नाका ४८ घण्टा बन्द गर्ने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम पर्सा, बारासहित बिहारको पश्चिमी चम्पारणसँग जोडिएका सीमा नाका बन्द गरिएको भुषालले बताए ।

यता, बाराका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले भारतीय समकक्षी प्रशासकले गरेको पत्राचारअनुसार बिहीबार बिहान ६ बजेदेखि जेठ १२ गते बेलुकी ६ बजेसम्मका लागि सीमा नाका बन्द गरिएको जानकारी दिए । लोकसभा चुनावका लागि बारामा ६२ किलोमिटर खुला सीमा नाका ४८ घण्टाका लागि बन्द गरिएको छ भने पर्सामा १ सय ७ किलोमिटर लामो नाकासमेत बन्द रहेको छ । समिनाका बन्द भएसँगै देशकै प्रमुख नाका वीरगंज सुनसान भएको छ ।

## बुद्धजयन्तीमा विविध कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज बुद्ध समितिले शान्तिका अग्रदूतका रुपमा विश्वमा परिचित सिद्धार्थ गौतमका २५६८ औँ जयन्ती विभिन्न कार्यक्रम गरी मनाएको छ । बुद्धजयन्तीका अवसरमा समितिले वीरगंजस्थित माईस्थान मन्दिरमा रहेको गौतम बुद्धको पूजाआजा गरी प्रभातफेरी निकालेको थियो । नेवार, तामाङ, गुरुङ, मगरलगायत विभिन्न जातिजनजातिले आआफ्नो रीतिरिवाजअनुसार सांस्कृतिक पोशाक र बाजागाजासहित निकालिएको प्रभातफेरी माईस्थानबाट घण्टाघर हुँदै नयाँ बसपार्क, ईनर बाईपास सडक, कृष्ण प्रणामी मन्दिरहुँदै भिश्वा बुद्ध बिहारमा पुगेर समापन भएको थियो । प्रभातफेरीमा बौद्ध धर्मावलम्बीको ठूलो संख्यामा सहभागिता थियो भने वीरगंजका विभिन्न विद्यालयका छात्राछात्रको समेत उपस्थिति थियो । बुद्धजयन्तीको अवसरमा भिश्वा बिहारमा विद्यालय तथा संघसंस्थाले प्रसादमा खिर वितरण गरेको वीरगंज बुद्ध समितिका अध्यक्ष डा. दीपक शाक्यले जानकारी दिए । बौद्धजयन्तीको अवसरमा दिनभर प्रवचन तथा पूजाआजा हुने र साँझ दीप प्रज्ज्वलन भएको डा. शाक्यले बताए ।

## सरकार अधिनायकवादको बाटोमा अग्रसरः निधि

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**



नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वउपप्रधानमन्त्री बिमलेन्द्र निधिले संसदीय छानबिन समिति नबनेसम्म संसद चल्न नसक्ने बताएका छन् । उनले सरकारको हठका कारण संसद अनिर्णयको बन्दी बनेको आरोप लगाए ।

जनकपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै निधिले सरकार संसदीय समिति नबनाएर सहकारी ठगी प्रकरणमा दोषी रहेका गृहमन्त्री रवि लामिछानेलाई जोगाउने खेलमा लागेको आरोप लगाए । नेता निधिले गृहमन्त्रीको प्रकरणमाथि सरकारले न्यायाधीश भएर निर्दोष घोषणा गर्नुले पनि झनै प्रमाणित हुने जिकिर गरे । नेता निधिले सरकार तानाशाही, अधिनायकवादी र राज्य कब्जा गर्नेतिर उन्मुख भइरहेकाले त्यसविरुद्ध शान्तिपूर्ण संघर्ष अघि बढाउने चेतावनी दिए ।

त्यसैगरी, जिल्ला प्रहरी कार्यालय धनुषाको थुनामा रहेका कान्तिपुर मिडिया गुरपका अध्यक्ष कैलाश सिरोहियासँग समेत निधिले भेट गरेर उनीमाथि नियोजित मुद्दा दर्ता गरेर सरकार सहकारी मुद्दालाई दबाउन खोजेको आरोप लगाए । उनले सिरोहियामाथि नागरिकता मुद्दाको झुठा र नियोजित आरोप लगाएर मुद्दा दर्ता गरिएको समेत जिकिर गरे ।

निधिले सहकारीका विषयमा कान्तिपुरले सत्यतथ्य समाचार प्रकाशित गर्न थालेपछि आत्तिएर गृहमन्त्री रवि लामिछानेको इशारामा नियोजितरुपमा मुद्दा चलाइको र उनीमाथि लगाइएको मुद्दासमेत निराधार रहेको बताए । उनले उपप्रधानमन्त्री लामिछानेको सहकारी ठगी प्रकरणमा कांग्रेसले शुक्रबार काठमाडौँकेन्द्रित विरोध प्रदर्शन गर्ने बताए । उनले अब विरोधको कार्यक्रम विस्तारै जिल्लाकेन्द्रित समेत हुने र गृहमन्त्रीलाई घुँडा टेकाएर छाडिने बताए । उनले सरकारले कान्तिपुर मिडिया गुरपका अध्यक्ष सिरोहियालाई प्रतिशोधपूर्ण तरिकाले गिरफ्तार गरेको बताए । उनले आफूले सिरोहियासँग भेटेर सिंगो नेपाली काग्रेस र धनुषावासीको साथ रहेको आश्वासन दिइएको बताए ।

नेता निधिले अध्यक्ष सिरोहियाको साथमा नेपाली कांग्रेस र सबै नेपाली रहेको भन्दै कैलाश सिरोहियाको पक्राउविरुद्ध कांग्रेस रहेको बताए । उनले सरकारले अध्यक्ष सिरोहियालाई प्रतिशोधपूर्ण रुपमा पक्राउ गरेकाले तत्काल रिहाइ गरिनु पर्ने बताए । सिरोहियामाथिका आरोप निराधार र लुटीपूर्ण रहेको उनले बताए ।

# मधेश प्रदेशमा बढ्दो चोरी तस्करी
## दश महिनामा एक अर्ब बढीका सामान बरामद

*मधेश प्रदेशमा चालु आर्थिक वर्षको दश महिनामा एक अर्ब २३ करोड रुपैयाँभन्दा बढीको सामान बरामद*
*१३८ जना पक्राउ, ६४० सवारीसाधन नियन्त्रणमा ।*



*राजस्व चुहावट नियन्त्रणका लागि भएका प्रयासहरुको प्रतिफल हो ।*
**शशिधर घिमिरे**
प्रमुख जिल्ला अधिकारी
बारा






*'जिरो टोलरेन्स'को नीतिले अवैध सामान बरामद बढ्यो ।*
**सुवासचन्द्र बोहरा**
प्रहरी उपरीक्षक
मधेश प्रदेश प्रहरी कार्यालय
जनकपुर

**महेश कठायत**
**वीरगंज ।**

मधेश प्रदेशका आठ जिल्लाबाट पछिल्लो दश महिनामा एक अर्ब रुपैयाँभन्दा बढीको सामान बरामद भएको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष (साउनदेखि वैशाखसम्म)को दश महिनामा एक अर्ब २३ करोड ६३ लाख ६३ हजार रुपैयाँ बराबरको सामान बरामद भएको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा अहिले बरामद भएको सामान करिब ३० करोड रुपैयाँले बढी हो ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी उपरीक्षक (एसपी) सुवासचन्द्र बोहराका अनुसार अघिल्लो आर्थिक वर्षको यही अवधिमा ९४ करोड ७० लाख ६२ रुपैयाँ बराबरको सामान बरामद भएको थियो ।

चालु आर्थिक वर्षको दश महिनामा बरामद गरिएको सामानसहित एक सय ३८ जना पक्राउ परेको प्रवक्ता एवम् प्रहरी उपरीक्षक बोहराले जानकारी दिए । दश महिनाको अवधिमा ६ सय ४० सवारी साधनलाई नियन्त्रणमा

बाँकी पृष्ठ ३ मा

जनहितका लागि जारी सन्देश
समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विधुत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपन गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विधुतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विधुतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विधुतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौंल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलव्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

*यदि जिन्दगीलाई बुझ्न छ भने, पछाडि फर्केर हेर । यदि जिन्दगी जिउनु छ भने अगाडि हेर ।*

*– अज्ञात*

## सम्पादकीय

# विकासको गति सुस्त

*केन्द्र, प्रदेश र स्थानीय तह गरी देशमा तीन तहका सरकार छन् । देशको विकास र समृद्धिका लागि तीन तहकै सरकारको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । संविधानले नै तीन तहका काम, कर्तव्य र अधिकारका बारेमा समेत स्पष्ट पारेको छ । तर, पनि थुप्रै विषयमा एक अर्कासँग समन्वय कम र हस्तक्षेपकारी भूमिका बढी भइरहेको भन्दै आलोचना हुँदै आएको छ । देशमा विभिन्न विकास निर्माणका काम कारबाही तीन तहकै सरकारबाट सञ्चालन हुँदै आएका छन् । कतिपय विकास निर्माणका योजनाहरु स्थानीय तहबाट त कतिपय योजनाहरु प्रदेश तथा केन्द्र सरकारबाट सञ्चालन भइरहेका छन् । सोही बम्मोजिम तीन तहकै सरकारले बजेट पनि छुट्याउने गरेका छन् । तर, विडम्बनाको कुरा कतिपय विकासका योजनाहरु सुस्त गतिमा छन्, भने कतिपय योजनाको म्यादमाथि म्याद थप्ने काम मात्रै भइरहेको हुन्छ । ठू–ठूला गौरवका आयोजना मात्र होइन समान्य केही किलोमिटर सडक कालोपत्रे गर्न पनि वर्षौं लाग्ने गरेको घटनाहरु यत्रतत्र छन् । तर, पनि यस्ता योजनाहरुको अनुगमनमा सरकारको ध्यान जान सकिरहेको पाइदैन । बरु, यस्तै विकास निर्माणका काममा भइरहेको ढिलासुस्तीको सास्ती नागरिकले खेप्नुपर्ने बाध्यता छ ।*

*चालु आर्थिक वर्षमा सञ्चालन हुने प्रायः योजनाहरु आर्थिक वर्षको अन्तिम तिर मात्रै शुरु हुने गलत परम्परा पनि व्याप्त छ । चालु आर्थिक वर्ष शुरु हुने वित्तिकै गर्नुपर्ने कामहरु अन्तिम समयमा आएर हतारमा काम गर्ने प्रवृति बढ्दो छ । यो पटक पनि त्यस्तै नियति दोहोरिएको छ । आगामी आर्थिक वर्षको बजेट निर्माणको तयारी अन्तिम चरणमा छ । तर, चालु आर्थिक वर्षको दश महिना बितिसक्दा पनि चालु आर्थिक वर्षको बजेट खर्चको स्थिति भने न्यून छ । आर्थिक वर्ष सकिन अब केवल डेढ महिना अबाँकी छ । यो अवधिसम्म पनि ६१ प्रतिशत मात्रै बजेट खर्च भएको देखाएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार हालसम्म चालुतर्फ ६६ प्रतिशत, पुँजीगततर्फ ३९ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ६२ प्रतिशत मात्रै बजेट खर्च भएको छ । अहिलेसम्म बजेट खर्चको सन्तोषजनक अवस्था नदेखिएका बेला अब असारे विकास गरी बजेट खर्चको ग्राफ बढ्ने निश्चित छ । आर्थिक वर्षको अन्त्यमा धमाधम रकमान्तर गर्ने र भुक्तानी दिने परिपाटी रोग जस्तै बनिसकेको छ ।*

*मधेश प्रदेशकै कुरा गर्ने हो भने पनि चालु आर्थिक वर्षको दश महिनामा १८ प्रतिशत मात्र खर्च भएको छ । सो अवधिमा चालु खर्चतर्फ २४ प्रतिशत पुँजीगततर्फ १४ प्रतिशत मात्रै खर्च भएको छ । मधेश प्रदेशको वर्तमान सरकारमा सम्बन्धित मन्त्रालयमा मन्त्रीको हेरफेर, सचिवलगायत कर्मचारीको अभाव, निमित्तको भरमा मन्त्रालय सञ्चालन हुनु, योजना र बजेट बाँडफाँडलगायत समस्याले लक्ष्यअनुसार विनियोजित बजेट खर्च हुन नसकेको दोष देखाएको छ । गत आर्थिक वर्षमा कूल बजेटको ६१ प्रतिशत मात्र खर्च भएको गरेको मधेश प्रदेशले यो पटक पचास प्रतिशत बजेट कार्यान्वयन हुन पनि मुश्किल छ । यसरी हेर्दा केन्द्रमा मात्र नभइ प्रदेशको अवस्था पनि उस्तै छ । बजेटको सही सदुपयोग सही समयमा गर्न सरकारको कार्यशैलीमा परिवर्तन ल्याउन जरुरी छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# हेतुवादी महाश्रमण हुनुहुन्छ बुद्ध



राजु शाक्य

> सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौँ वर्षमा यस क्षेत्रको भ्रमण गर्नुभयो र त्यसको संस्मरणका लागि बुद्ध जन्मेको यस गाउँलाई करमुक्त गरिदिएँ भनेर शीलास्तम्भ गाड्नुभयो। यही शीलास्तम्भका कारण रुम्मिनदेइ वा लुम्बिनीको पहिचान सम्भव भयो। विश्वभरका बौद्ध अनुयायीहरुका लागि सदियौँसम्म पृथ्वीको गर्भमा दबिएर बसेको यस पवित्र भूमिमा श्रद्धा र आस्था पोख्ने अवसर मिल्यो।

इसापूर्व ५६३ वर्षअघि नेपालको लुम्बिनी उपवनमा भगवान् बुद्धको जन्म भएको हो। बुद्धलाई विश्वभरका मानिसहरु शान्ति र अहिंसाका नायकका रुपमा स्मरण गर्दछन्। वैरले वैरभाव शान्त हुँदैन अवैरभावले मात्रै वैरभाव शान्त हुन्छ भनेर त्यो बेलाको समाजलाई बुद्धले जुन शाश्वत शान्ति सन्देश दिनुभयो त्यसलाई अर्ती र उपदेशमा मात्रै सीमित नराखी उहाँले जीवनपर्यन्त व्यवहारमा लागू गरेर देखाइदिनुभयो।

उहाँले २९ वर्षको युवावस्थामा दरबारको सुखसयललाई तिलाञ्जलि दिनुभयो । श्रीमती र भर्खर जन्मेको छोरो त्यागिदिनुभयो। वर्षौंसम्मको कठोर साधनापछि अन्ततः उहाँमा ज्ञानचक्षु उदय भयो। त्यो आजकै दिन थियो। सबै नै नासिएर जाने यो संसार अनित्य रहेछ, नश्वर रहेछ, क्षणभङ्गुर रहेछ, आफ्नो वंशमा नभएको यो संसार दुःखदायी रहेछ र त्यसकारण आत्मा नामको स्थिर तथा शाश्वत कुनै चीज पनि हुँदो रहेनछ। उहाँलाई यही अनित्य, दुःख र अनात्म ज्ञानको बोध भयो। संक्षिप्तमा भन्नुपर्दा यही नै बुद्धले साक्षात्कार गरेको सत्य हो।

तत्कालीन रुढिग्रस्त समाजलाई उहाँले यही ज्ञान बाँड्दै हिंड्नु भयो। सामाजिक विसङ्गतिहरु विरुद्ध बिगुल फुक्दै बहुजन हित र बहुजन सुखका लागि आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुभयो। कसैको शरणमा नगएर आफ्नो दीप आफैँ बन्नू भन्नुहुने बुद्धले असङ्ख्य मानिसलाई जीवन मुक्तिको मार्ग देखाउँदै हिंड्नुभयो। अन्ततः आजैका दिन अनित्य स्वभावको आफ्नो नश्वर देहलाई त्यागेर उहाँ परिनिर्वाण हुनुभयो। गौतम बुद्धको जन्म, बोधिज्ञान लाभ र परिनिर्वाणका त्रि–संयोग घटित वैशाख पूर्णिमाको दिनलाई यसकारण समस्त बौद्धजन पवित्रतम् मान्दछन्।

लुम्बिनीले विश्व शान्तिको मुहानको रुपमा आफ्नो पहिचान स्थापित गरेको छ। सम्राट अशोकले आफ्नो राज्याभिषेकको बीसौँ वर्षमा यस क्षेत्रको भ्रमण गर्नुभयो र त्यसको संस्मरणका लागि बुद्ध जन्मेको यस गाउँलाई करमुक्त गरिदिएँ भनेर शीलास्तम्भ गाड्नुभयो। यही शीलास्तम्भका कारण रुम्मिनदेइ वा लुम्बिनीको पहिचान सम्भव भयो । विश्वभरका बौद्ध अनुयायीहरुका लागि सदियौँसम्म पृथ्वीको गर्भमा दबिएर बसेको यस पवित्र भूमिमा श्रद्धा र आस्था पोख्ने अवसर मिल्यो। कपिलवस्तु जिल्लाको निग्लीहवा र गोटिहवामा पनि अशोक स्तम्भहरु ठड्याइएका छन्। यी ठाउँहरु क्रमशः कोणागमन र क्रकुछन्द बुद्धका जन्मस्थलहरु भएको विश्वास गरिन्छ। बौद्धजन समयक्रममा यस धर्तीमा बुद्धहरु उत्पन्न भइरहन्छन् भन्ने मान्यता राख्दछन्। पछिल्ला सात बुद्ध (सप्त तथागत) मध्ये तीन बुद्धको जन्म नेपालकै सरहदभित्र भएका प्रमाण यी स्तम्भहरुले दिइरहेका छन्। त्यसकारण शाक्यमुनि बुद्धले २६०० वर्षअघि जुन धर्मको चक्र घुमाउनुभयो त्यो नौलो◌े प्रतिपादन नभएर समूल विलुप्त भइसकेकै सनातन धर्मकै प्रवर्तन थियो। धर्मचक्र प्रवर्तन भनेर भनिएको कारण यही हो। एसियाकै ज्योति भनेर उपमा दिइए पनि उहाँ विश्वकै ज्योतिको रुपमा स्थापित हुनुहुन्छ। उहाँ कोही कसैद्वारा खटाइएका दूत वा अग्रदूत हैनन्, सृष्टिकर्ता वा ईश्वर पनि हैनन्। अनिश्वरवादी र अनात्मवादी बुद्धद्वारा देशित जुन धर्मस्कन्ध छन्, ती अन्य कुनै पनि धर्मका हाँगा वा शाखा हैनन्।

बुद्धले ४५ वर्षसम्म गाउँगाउँ जनपद जनपद घुम्दै दुई कुरा सिकाउँदै हिंड्नुभयो– दुःख र दुःखबाट मुक्ति। राजदरबारको सुखसयलमा हुर्के बढेका सिद्धार्थ राजकुमारलाई दुःख कष्ट भोग्न परोइन। घुम्न निस्किँदा उहाँले चाउरिएको कुप्रो वृद्ध, रोगी र मरेको मान्छे देख्नुभयो, सम्पूर्ण प्राणीलाई जीर्णता, शारिरीक ब्याधी र मृत्युले छोड्दो रहेनछ भन्ने संवेग उहाँमा ती क्षणहरुमा उत्पन्न भयो। त्यसको ठीक उल्टो संवेग उत्पन्न भयो जब उहाँले एक उन्मुक्त यायावरलाई देख्नुभयो◌े। यिनै संवेगले उहाँलाई राजगद्दी त्यागेर ज्ञानको खोजीमा एक्लै हिंड्न प्रेरित ग¥यो।

गुरुहरुको दैलो चहार्दै त्यसबेलाका परम्परा र वादहरु सिक्दै पछ्याउँदै जानुभयो, उहाँलाई त्यसबाट सन्तुष्टि मिलेन, ती पूर्ण महसुस भएनन्। एक्लै अघि बढ्ने प्रयासमा उहाँ आहार त्यागेर कठोर तपस्यामा लीन हुनुभयो। शरीर दुर्बल र क्षीण भयो तर, ज्ञानोदय भएन। फेरि भोजन ग्रहण गर्न थाल्नुभयो। उहाँको बदलिएको व्यवहार देखेर उहाँलाई विश्वास गरेर पछ्याइरहेका अनुयायीहरु 'सिद्धार्थ पथभ्रष्ट भए' भनेर एकातिर लागे तर, उहाँ आफ्नो मार्गबाट विचलित हुनुभएन। एक रात उहाँले पृथ्वीलाई साक्षी राखेर बोधिवृक्षमुनि पलेटी कसेर अधिष्ठान लिनुभयो र संसारको स्वभाव धर्मलाई निरन्तर नियाल्दै बस्नुभयो। अन्ततः उहाँलाई बोधिज्ञान लाभ भयो, त्यो आजैको दिन थियो। बोधिज्ञान लाभ भएपछिको उहाँको पहिलो उद्गार यस्तो थियो– 'यस भव संसारमा बारम्बार जन्म लिएँ। पञ्चस्कन्धरुपी यो घर (शरीर) बनाउने तृष्णा भेट्टाउन नसकेर यो संसारको चक्कर काटिरहेँ। अब मैले त्यसलाई भेट्टाइसकेँ। त्यस्तो घर बनाउने सबै ज्यावल भाँचिदिई सकें, छानो भत्काइदिएँ। हे गृहकारक ! अब फेरि घर बनाउन सक्ने छैनौँ। तृष्णा समूल नष्ट भइसक्यो। म मुक्त भइसकेँ।'



उहाँले त्यसपछिका सात हप्ता यिनै ज्ञानको चिन्तन मननमा प्रीति अनुभव गर्दै व्यतीत गर्नुभयो। यो गम्भीर धर्म जनसाधारणलाई बुभ्mन अत्यन्त कठिन हुने कुरा थाहा पाउनु भयो र कसैलाई नबताउनु नै श्रेयष्कर हुने निष्कर्षमा पुग्नुभयो। तर, कोही देवताले आएर उहाँसँग अनुनय गरे कि यस संसारमा त्यस धर्मलाई सूक्ष्मातिसूक्ष्म ढङ्गले अवबोध गर्न सक्ने तीक्ष्ण बुद्धि भएका मानवहरु पनि विद्यमान छन्, उनीहरुकै खातिर भए पनि यो धर्मलाई प्रकाश पारिदिनुपर्छ। त्यस आग्रहप्रति उहाँ सहमत हुनुभयो र सर्वप्रथम आफ्ना तिनै पुराना पाँच अनुयायीहरुलाई बताउने निधो गरेर सारनाथ प्रस्थान गर्नुभयो। त्यहाँ उहाँले धर्मचक्र प्रवर्तन सूत्र र त्रिलक्षण सुत्र देशना गर्नुभयो। ती अनुयायीहरुले त्यस गम्भीर धर्मोपदेशलाई एक एक गर्दै क्रमशः बुझ्न थाल्नुभयो र उहाँहरुमा ज्ञानचक्षु उदय भयो।

यी सूत्रहरुको देशनाअघि उहाँले आफ्ना अनुयायीहरुलाई दुई अतिवादलाई त्याग्न उपदेश दिनुभयो। पञ्चकाममा लिप्त भएर जीवन व्यतीत नगर्न र दुःखबाट मुक्ति पाइन्छ भनेर शरीरलाई कष्ट हुने नानाथरीका व्रत उपासनाहरुमा नलाग्न दिनुभएको उपदेश नै मानव जातिलाई उहाँले दिनुभएको पहिलो सन्देश थियो। दुई अतिवादलाई त्याग्नुपर्ने यो नै उहाँको मध्यम मार्ग थियो। नखाएरै तपस्यामा लीन हुँदा त ज्ञान पाउन सक्नुभएन भने हृष्टपुष्ट शरीर बनाएर कहाँ ज्ञान पाउन सकिन्छ र ? भनेर तिनै पाँच अनुयायीले अविश्वास गरी पटक पटक शङ्का उठाएपछि बुद्धले यो उपदेश दिनुभएको थियो। तत्पश्चात् संसारका प्राणीहरुमाथि अनुकम्पा राखी बहुजन हित र सुखका लागि यी◌े उपदेश बाँड्दै हिंड्न बुद्धले आफ्ना ती पाँच शिष्यलाई आज्ञा गर्नुभयो। त्यही आज्ञा शिरोपर गर्दै पञ्चवर्गीय भिक्षुगण गाउँगाउँ चारिका गर्न थाल्नुभयो। त्यसमध्येका एक भिक्षु अस्सजित बिहान भिक्षाटनका लागि बाटामा जाँदै हुनुहुन्थ्यो। उहाँको संयमपूर्ण हिंडाइ र चञ्चलतारहित आँखा देखेर एक जिज्ञासु बटुवाले आफूलाई थाम्न सकेनन् र ती भिक्षुको सामुन्ने पुगेर प्रश्न राख्नुभयो – तपाईंका गुरु को हुनुहुन्छ ?

प्रत्युत्तरमा ती भिक्षुले भन्नुभयो◌े, "हेतुबाट उत्पन्न हुने जति पनि धर्म (विषय) हरु छन् ती सबैका कारण र त्यसको निरोध पनि उहाँ बताउनुहुन्छ। यस्ता हेतुवादी महाश्रमण मेरा गुरु हुनुहुन्छ।" वर्षौंदेखि सद्धर्मको खोजीमा भौतारिरहेका त्यस व्यक्तिमा यस जवाफबाट थप उत्सुकता जाग्यो र कुनै विलम्ब नगरी आफ्ना मिल्ने साथीलाई लिएर बुद्धका सामु पुग्नुभयो। उहाँहरु बुद्धशासनमा दीक्षित हुनुभयो। पछि यी दुवै ब्राह्मण सारिपुत्र र मौगल्यायनको नामले प्रख्यात हुनुभयो।

भगवान् बुद्धले आफ्ना सम्पूर्ण उपदेशलाई दुई कुरामा केन्द्रित गर्नुभएको छ– दुःख र दुःखबाट मुक्ति। सारा सत्व प्राणीहरु सांसारिक दुःखको भुमरीमा फसेर बसेका छन्, भवको चक्कर काटिरहेका छन्। क्लेश र उपक्लेशको आवरणबाट ढाकिएर उनीहरु दिग्भ्रमित भइबसेका छन्, सत्य देख्न सकेका छैनन्। क्षणिक सुखमा भुलेर दुःखदायी अनित्य संसारको स्वभाव जान्न र बुझ्न नसकेर पद, पैसा, प्रतिष्ठा र आरामदायी जिन्दगीको मृगतृष्णामै रुमलिरहेका छन्। किनारा भेट्टाउन नसकी समुद्रमा गोता लगाइरहेका छन्। अज्ञानता वा अविद्याका कारण बुँख्याचालाई साँच्चैको मानव ठानेर बसेका छन्। उनीहरु जानी नजानी काय, वाक् र चित्तले अपराध कर्महरु (त्रिविध संस्कार) गरिरहेका छन् जुन कर्मसंस्कारहरु भावी जन्म वा भवका लागि हेतु हुन्। नास्पतिको बीउ रोपेर नास्पति नै फल्ने हो, स्याउ फल्ने होइन। यही हेतुलाई जरैबाट निमोठ्ने कार्यकारणमा आधारित १२ अङ्गयुक्त 'प्रतीत्य समुत्पादको सिद्धान्त'लाई भगवान् बुद्धले अघि सार्नुभएको हो। जन्म मरणको चक्र वा भवमा घुमिरहनु पर्नाका कारण अविद्या हो। अविद्याले मूढ भएको व्यक्ति सही÷गलत वा कुशल÷अकुशल कर्म छुट्ट्याउन असमर्थ हुन्छ। चतुरार्य सत्यको ज्ञान नहुनु, संसारको यथार्थ स्वभावलाई नबुझेर तृष्णामा लिप्त भई बस्नु अविद्या हो। अविद्याका कारण संस्कार उत्पन्न हुन्छ, मानिस आफ्नै कर्मका कारण कुशल वा अकुशल संस्कार संग्रह गर्न पुग्छन्। संस्कारबाट विज्ञान उत्पन्न हुन्छ। प्रिय÷अप्रिय भेद गरी खासखास चित्तवृत्तिको विकास गर्छ, चित्तलाई रञ्जित पार्छ। विज्ञानबाट नामरुप, नामरुपबाट षडायतन, षडायतनबाट स्पर्श, स्पर्शबाट वेदना, वेदनाबाट तृष्णा, तृष्णाबाट उपादान, उपादानबाट भव, भवबाट जाति र जातिका कारण जरामरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासादि उत्पन्न हुन्छन्।

यस पञ्चस्कन्धरुपी शरीरलाई हरेक मानवले साँच्चैको 'म' र 'मेरो' भनेर बलियोसँग पक्डेर बसेको छ। यो मिथ्यादृष्टि हो। म भन्ने कुनै प्राणी छैन, आत्मा छैन, सृष्टिकर्ता वा ईश्वर छैन। जे छ क्षणक्षणमा परिवर्तन भइरहने अनित्य स्वभाव धर्म मात्र छ। आफ्नो नियन्त्रणमा नरहेको व्याधादि पीडालाई रोक्न नसक्ने यो परिवर्तनशील शरीरले कर्म, चित्त, कृतु र आहारको आश्रय पाइरहेको हुन्छ। मानिसलाई जीवित बनाइराख्ने हेतु यिनै हुन्। कुनै पनि वस्तुको स्वतन्त्र अस्तित्व छैन, सबै नै परतन्त्र स्वभावका हुन्। 'अस्मिन् सति इदं भवति' अर्थात् यो भएमा त्यो हुन्छ। हेतुप्रत्ययका कारण निरन्तर बदलिरहने जुन स्वभाव धर्म छ त्यो अनित्यता हो, त्यो नै शून्यता हो। रित्तो, खाली जनाउने त्यो शून्यता हैन। यसरी बौद्धहरु प्रतीत्य समुत्पादको अर्को पाटा शून्यता हो भनेर बुझ्ने गर्छन्।

जबसम्म पञ्चस्कन्धरुपी शरीर रहन्छ, दुःख हट्दैन। बुद्धले दुःख निरोधको मार्ग आर्य अष्टांगिक मार्ग हो भनेर बताउनुभएको छ। ती हुन् – सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वाचा, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि। यसलाई अर्को शब्दमा मध्यम मार्ग पनि भनिन्छ। बिहीबार बुद्धद्वारा प्रतिपादित यिनै मध्यम मार्गको चिन्तन मनन् गरी संसारको दलदलबाट मुक्त हुन प्रण गर्ने दिन हो। रासस

# रौतहट प्रहरीद्वारा भारतीय मलखाद र कुखुरा बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीको छुट्टाछुट्टै गस्ती टोलीले अवैध भारतीय मलखाद र भारतीय कुखुरा बरामद गरेको छ । तस्करहरुले भारतबाट विभिन्न नाका हुँदै अवैध रुपमा भन्सार छली ल्याएका चार लाख ९७ हजार रुपैयाँ मूल्य बराबरको युरीया मल, किराना तथा लत्ताकपडालगायतका सामानसँगै तीन जना तस्करलाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । ना२९ प २८१४, ना३७ प ५३१३ र विआर ३० ई ३४८४ नम्बरको मोटरसाइकलसहित पक्राउ परेका कटहरिया नगरपालिका ५ का सिकिन्दर यादव, फतुवा विजयपुर २ का वीरबल यादव, आदर्श कोतवाल–३ बाराका प्रदीप यादव रहेका छन् । त्यस्तै, बरामद ना४१ प ५५१४ मोटरसाइकल र पक्राउ परेका तीनै जनालाई सामानसहित आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालयमा दाखिला गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी सशस्त्र प्रहरी ११ नम्बर गण हेड्का रौतहटबाट गएको गस्ती टोलीले सीमाक्षेत्र बाट तीन क्विन्टल भन्दा बढी भारतीय कुखुरा बरामद गरेको छ । तस्करहरुले भारतीय बजारबाट अवैध रुपमा ल्याउँदै गरेको ३१५ किलो कुखुरा ९४ हजार ५०० बराबरको परोहा ९ मोतिपुरस्थित बरामद गरेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी विक्रम हुमागाईले बताए । बरामद कुखुरा सशस्त्र प्रहरी ११ नम्बर गणको हाताभित्र खाल्डो खनी पुरेर नष्ट गरिएको सशस्त्र प्रहरी रौतहटले जनाएको छ ।

# श्रीराम सुगर मिल्स गरुडा सञ्चालन गर्न कार्यदल

**सञ्जय मिश्रा**
**रौतहट ।**
लामो समयदेखि बन्द अवस्थामा रहेको रौतहटको मध्यभाग गरुडास्थित श्रीराम सुगर मिल सञ्चालन गर्न देखिएको समस्या समाधानका लागि महिला तथा सामाजिक मामिलाका सभापति संघीय सांसद किरण साहको नेतृत्वमा कार्यदल गठन गरिएको छ ।
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको कार्यकक्षमा भएको त्रिपक्षीय छलफलपछि सांसद साहको अध्यक्षतामा पाँच सदस्यीय कार्यदल गठन गरिएको हो । कार्यदलमा चिनी मिलका तर्फबाट उद्योगपतिद्वय हितेश गोल्छा र विशाल अग्रवाल, किसान सङ्घर्ष समिति रौतहटका अध्यक्ष अशोककुमार यादव तथा मन्त्रालयको औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुख सदस्य रहेका छन् ।
उद्योग मन्त्री भण्डारीले बजेट आउनु अगाडि मिल सञ्चालनको विषयमा देखिएका समस्या समाधानका लागि ठोस योजना ल्याउन सुझाव दिएका थिए । मन्त्री भण्डारीले जिल्लाकै ठूलो उद्योगलाई अन्य जिल्लामा लैजानुको सट्टा सोही स्थानमा सञ्चालन गर्नसमेत सुझाव दिएका थिए । आउने एक हप्ताभित्र चिनी मिलका समस्याको टुङ्गो लगाउनुपर्ने भन्दै मिल सञ्चालनको प्रक्रिया अगाडि बढाउन सुझावसहित आग्रह गरेका थिए । बन्द रहेको उद्योगहरु सञ्चालन गर्ने सरकारको उद्देश्य रहेको श्रीराम सुगर मिल्सलाई बन्द गरेर अरु जिल्लामा लैजानु भन्दा यथास्थानमा सञ्चालनका लागि सरकार अथवा मन्त्रालयबाट पूर्ण सहयोग गर्ने उनले प्रतिवद्धता जनाएका थिए ।
मन्त्री भण्डारीले मिल सञ्चालनको विषयमा प्रधानमन्त्री र अर्थमन्त्रीसँग आवश्यक सहयोगको लागि पहल गर्ने बताएका थिए । त्रीपक्षिय छलफलको क्रममा संसद किरण कुमार साह, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खान, सांसद विनादेवी साह, संविधानसभा सदस्य रामकुमार भट्टराई, कल्याणी खड्काल,



संघर्ष समितिका अध्यक्ष अशोक कुमार यादव,गरुडाका मेयर प्रत्याशी ब्रिज किशोर यादव, व्यवसायी रामजी साह, रामभरोसे यादव,लगायतले श्रीराम सुगर मिल्स सञ्चालनका लागि मन्त्री भण्डारीलाई पहल गरिदिन आग्रह गरेका थिए । जिल्लाकै धरोहरको रुपमा रहेको श्रीराम सुगर मिल्स अन्यत्र सार्ने षड्यन्त्र भएमा किसानले कडा आन्दोलन गर्ने चेतावनी दिँदै मिल सञ्चालनको वातावरण बनाउन आग्रह गरेका थिए । सभापति खान, उद्योग सचिव कृष्ण राउत, वाणिज्य सचिव दिनेशकुमार घिमिरे, नेपाल बैंक लिमिटेडका सिइओ, लगायतको सहभागी रहेको थियो ।
पूर्व प्रधानमन्त्री स्व.गिरिजा प्रसाद कोइरालाको पहलमा विसं २०४१ सालमा गरुडामा स्थापना भएको श्रीराम सुगर मिल्स २०७७ सालमा बन्द भएको थियो । गरुडा बजारको दक्षिण भागमा ७५ बिघा क्षेत्रफलमा रहेको मिल्स नेपाल बैंक लिमिटेडले लिलामी सूचना निकालेर दुई वर्ष अघि रानाकुमार अग्रवालले साकार गरेका थिए । अग्रवालले मिल पर्सा जिल्लामा सार्न खोजेपछि उँखु उत्पादक किसान संघको पहलमा स्थानीय किसानहरु सङ्घर्ष समिति बनाएर आन्दोलन गर्दै आएका छन् । मिल बन्द भएपछि झण्डै सात सय कर्मचारी बेरोजगार भएका छन् भने २० हजार किसान प्रभावित बनेका छन् ।

# तीन सातामा ३३ लाख राजस्व संकलन



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटस्थीत ट्राफिक प्रहरी कार्यालयले तीन सातामा ३३ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ । कार्यालयले २२ दिनको अवधिमा ३३ लाख ११ हजार रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ । गत वैशाख १६ गतेदेखि यही जेठ ८ गतेसम्म जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट गरिएको चेकजाँचको क्रममा सवारी नियम उल्लंघन गर्ने २८ सय १२ जना सवारी चालकहरुलाई सवारी नियम अनुसार कारवाही गरिएको छ । उक्त कारवाहीबाट ३३ लाख ११ हजार रुपैयाँ राजस्व संकलन भएको ट्राफिक प्रमुख इन्स्पेक्टर सुशील आचार्यले जानकारी दिए । पछिल्लो समयमा रौतहटको सदरमुकाम गौरदेखि ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरीले सक्रियता बढाएपछि राजस्व संकलनमा वृद्धिसँगै सवारी दुर्घटनामा कमि आएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# शान्ति सुरक्षा पहिलो प्राथमिकताः अधिकारी

**मधेशदृष्टि**
**वीरगंज ।**
ईलाका प्रहरी कार्यालय विजयपुरमा सरुवा भएर आएका प्रहरी निरीक्षक इन्द्रमणी अधिकारी र स्थानीय जनप्रतिनिधी बीच परिचयात्मक तथा भेटघाट कार्यक्रम भएको छ । भेटघाट कार्यक्रममा बोल्दै प्रहरी निरीक्षक अधिकारीले नागरिकलाई शान्ति सुरक्षा प्रत्याभूत दिलाउने आफ्नो पहिलो प्राथमिकता भएको बताए । यस क्षेत्रमा अपराधिक गतिविधि रोक्न स्वयम् नागरिक नै सजक हुनेपर्नेमा उनले जोड दिए । साथै उनले जुवातास, लागु औषध, चोरी, तस्करी, आत्महत्या जस्ता गतिविधिलाई न्यूनीकरण गर्न आफूले पहल गर्ने बताए ।
आम जनता पार्टीका स्थायी कमिटी सदस्य विजय यादव निर्विज, आम मुस्लिम मोर्चाका केन्द्रीय महासचिव शेख मोबिन, आईटी आर्मीका नगर इन्चार्ज रामशरण यादव, वडा अध्यक्ष संजय यादव, पप्पु यादव, शेख एजाज,



रामईश्वर यादव, नेता अरविन्द यादव, सहिन्द्र साह, कुमार चौलागाई, ज्ञानेन्द्र यादव, साबिर आलम, रामाकान्त पासवान, ब्रह्ममानरायन यादवलगायत जनप्रतिनिधीहरुको सहभागिता रहेको थियो । भेटघाटका क्रममा जनप्रतिनिधीले यस ईलाकाको पछिल्लो वस्तुस्थिति बारे जानकारी गराएका थिए ।

# विद्यालयको स्तरोन्नतीका लागि आर्थिक सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको पिपरा मठमा रहेको विश्व हिन्दु संस्कृत विद्यापिठ विद्यालयको भौतिक पूर्वाधार पुनःनिर्माण र स्तरोन्नतिका लागि नेको इन्स्योरेन्सले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । उक्त विद्यालयको भौतिक पूर्वाधार पुनःनिर्माण र स्तरोन्नतीमा लागेको राउण्ड टेबल नेपाललाई नेको इन्स्योरेन्सले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको हो । नेको इन्स्योरेन्सका वीरगंज शाखाका प्रमुख विक्रम आलेले राउण्ड टेबल नेपालको टेबल ८ का अध्यक्ष आकाश सर्राफलाई एक लाख रुपैयाँको चेक प्रदान गरेका हुन् । आर्थिक सहयोगका लागि नेको इन्स्योरेन्सलाई आभार प्रकट गर्दै अध्यक्ष सर्राफले उक्त रकम विद्यालयको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नतीमा खर्च गरिने बताए ।

# बुद्धिजीवी मोर्चाको उपत्यका कमिटी गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) निकटको आम बुद्धिजीवी मोर्चाको काठमाडौं उपत्यका कमिटी गठन भएको छ ।
सरोज महतोको अध्यक्षतामा गठन भएको कमिटीको इन्चार्जमा भरतप्रसाद साह र सचिवमा सुशिल महतो रहेका छन् । यस्तै सदस्यहरुमा गणेश शाह, भरत ठाकुर, शलेन्द्र बस्नेत, डा.सोनी महासेठ, डा.रञ्जन शाह, ई.दिनेश चौधरी, ई.लभ सिंह, ई.राजदेव शाह, ई.ओपिन्द्र राय, रवि शाह रहेका छन् ।
बुद्धिजीवी मोर्चाका केन्द्रीय अध्यक्ष नवीन महतोले जारी गरेको विज्ञप्तीमा सदस्यहरुमा राजेन्द्र चौधरी, परसुराम भट्टराई, अनन्त रंजन शाह, छविलाल मण्डल, नितु शाह, नगेन्द्र मण्डल, अमृता महतो, दिनेश अधिकारी ई.पंकज पञ्जियार, दिव्या लामा, उपेन्द्र ठाकुर, मुकेश महासेठलगायत रहेको जनाइएको छ ।

# लागु औषधसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले ठूलो परिमाणमा लागु औषध खैरोहेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नम्बर ३ का समुन्द्र साह र अमिर वानिया रहेका रहेको प्रहरीले जनाएको छ । वीरगंज महानगरपालिका शंकराचार्य गेटस्थित सडकखण्डमा प्रहरी चौकी ईनरुवाबाट खटिएको नियमित चेकिङ टोलीले स्कुटीलाई रोकी जाँच गर्दा सिटमुनी लुकाइ राखेको प्लाष्टिकको झोलाभित्र लागु औषध खैरो हिरोईन १ सय ५१ ग्राम र अफिम १ सय ५४ ग्राम बरामद गरेको पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए । उनीहरुविरुद्ध लागु औषध सम्बन्धी कसुरमा पर्सा अदालतबाट पाँच दिनम्याद लिइ थप अनुसन्धान गर्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# मधेश प्रदेशमा बढ्दो चोरी...

लिएको उनले बताए । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार सप्तरी जिल्लाबाट दुई करोड ३७ लाख रुपैयाँ, सिरहा जिल्लाबाट दुई करोड ७० लाख रुपैयाँ, धनुषा जिल्लाबाट ६ करोड ६१ लाख रुपैयाँ र महोत्तरी जिल्लाबाट ७ करोड ९४ लाख रुपैयाँ बराबरको सामान बरामद गरिएको छ । त्यस्तै, सर्लाही जिल्लाबाट ५ करोड ७९ लाख रुपैयाँ, रौतहट जिल्लाबाट ४ करोड ३६ लाख रुपैयाँ बराबरको सामान बरामद भएको छ । त्यसैगरी सबैभन्दा बढी बारा जिल्लाबाट ५१ करोड १६ लाख रुपैयाँ बराबरको सामान बरामद भएको छ भने, पर्सा जिल्लाबाट ४२ करोड ६७ लाख रुपैयाँ बराबरको सामान बरामद भएको छ ।
त्यसैगरी, पक्राउ पर्नेको संख्यामा सबैभन्दा बढी सर्लाहीबाट ४३ जना र सबैभन्दा कम सप्तरीबाट एक जना पक्राउ परेको मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कले देखाउँछ । त्यस्तै, सिरहाबाट ८ जना, धनुषाबाट ७ जना, महोत्तरीबाट ३२ जना, रौतहटबाट ३१ जना, बाराबाट १३ जना र पर्साबाट ३ जना पक्राउ परेका छन् । त्यस्तै, सबैभन्दा बढी एक सय ७८ सवारी सधान सर्लाही जिल्लाबाट नियन्त्रणमा लिइएको छ भने, रौतहटबाट एक सय ३०, बाराबाट एक सय २१, महोत्तरीबाट ९१ सवारी साधन नियन्त्रणमा लिइएको मधेश प्रदेश प्रहरीले जनाएको छ ।
बारा जिल्लामा अवैध सामान बरामद बढी देखिनु राजस्व चुहावट नियन्त्रणका लागि भएका प्रयासको प्रतिफल भएको बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेको भनाइ छ । राजस्व चुहावट नियन्त्रण समितिको बैठक नियमित बस्ने र सीमा क्षेत्रमा हुने चोरी पैठारी रोक्न आवश्यक काम भइरहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) सुवासचन्द्र बोहराले पछिल्लो समय गृह प्रशासनले राजस्व चुहावट रोकथामका लागि लिएको 'जिरो टोलरेन्स' (शून्य सहनशीलता)को नीतिले अवैध सामान बरामदको क्रम बढेको देखिएको बताए । साथै राजस्व चुहावट रोकथामका लागि गृह मन्त्रालयले जारी गरेको सर्कुलर जिल्ला प्रशासन कार्यालयले पनि कडाइका साथ लागू गरेको पाइएकोले अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा अवैध सामान बढी बरामद भएको उनको भनाइ छ ।

# नदीमा मापदण्डविपरीत...

मापदण्ड पूरा नगरी वन क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसारको काम शुरु गरिएको देखिएकाले 'ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापनसम्बन्धी (पहिलो संसोधन)मापदण्ड २०७१' एवम् प्रचलित ऐन, नियम प्रक्रिया पूरा नगरी नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसार र संकलन नगर्न आग्रह गर्दै पत्राचार गरिएको हो ।
वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, प्रदेश वन निर्देशनालय मधेश प्रदेश, जिल्ला समन्वय समिति सर्लाही, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नम्बर १० सर्लाहीका साथै लालबन्दी नगरपालिका र सब डिभिजन वन कार्यालय लालबन्दी र घारीलाई जेठ २ गते १४११ पत्र संख्याको बोधार्थ लेखेर पत्राचार गरिएको डिभिजन वन कार्यालय लालबन्दी, सर्लाहीले जनाएको छ ।
यता, नदीजन्य पदार्थ ठेक्का लगाउने तथा अनुगमन गर्ने पूर्ण अधिकार सम्बन्धित स्थानीय तहलाई रहेकाले आफूहरुले हस्तक्षेप गर्ने नसक्ने जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशल किशोर सिंहले बताए । उनका अनुसार नदीजन्य पदार्थको ठेक्का लगाउने काम स्थानीय तहको रहेकाले अनुगमन तथा नियमन पनि सम्बन्धित स्थानीय तहले नै गर्नुपर्छ ।
तर कालिन्जोर र फुलजोर खोलामा ठेक्का प्रक्रियामार्फत भएको नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसारमा प्रयोग भएका सवारीसाधन प्रहरीले नियन्त्रणमा लिएर सिधै जिल्ला समन्वय समितिका नाममा पत्र बनाएर पठाउने गरेको भए पनि ठेक्का लगाउने स्थानीय तह मौन देखिँदा स्थानीय तह राजश्व संकलनमा मात्रै केन्द्रित हुने तर जवाफदेही नहुने गरेका स्थानीय निर्माण व्यवसायीको आरोप छ । नगरपालिकाले तोकेको कर (राजश्व) तिरेर, ठेक्का प्रक्रियामार्फत नगरपालिकाले तोकेको स्थानबाट नदीजन्य पदार्थ उत्खनन् गर्दा स्थानीय तह र प्रहरीले मिलेर अनावश्यक दुःख दिने गरेका निर्माण व्यवसायीको गुनासो छ ।

# खाद्यान्न सामग्री सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा कम्प्युटरको आवासीय तालिम लिइरहेका दृष्टिविहिनहरुलाई एक परोपकारी संस्थाले खाद्यान्न सामग्री सहयोग गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ स्थित सामुदायि भवनमा लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको समन्वयमा समृद्ध समाजका लागि युवा सशक्तीकरण वीरगंजले आयोजना गरेको ४० दिने आवासीय तालिममा ३० जना दृष्टिविहिनहरु सहभागी छन् । उनिहरुलाई ४० दिनको आवासीय तालिममा आवश्यक पर्ने खाद्यान्न सामग्री उपकार सेवा नेपालले सहयोग गरेको हो । संस्थाका अध्यक्ष विद्या सरावगीसहितको टोलीले तालिम भइरहेकै स्थानमा पुगेर चामल, दाल, खाने तेल, आलु, प्याज, नून, बिस्कुट, सोयाबिनलगायतका खाद्यान्न सामग्री आयोजक संस्थाका उपाध्यक्ष महेश साहलाई प्रदान गरेको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए । सो अवसरमा उपकार सेवा नेपालका सदस्यहरु सुमन बगेडिया र अंकुर शर्मा, सामाजिक अभियन्ता प्रकाश थारुलगायतको सहभागिता थियो ।

# राजनीतिक स्थिरताका लागी प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिः यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा राजनीतिक स्थिरता कायम गर्न निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताएका छन् । बिहीबार विराटनगरमा महाधिवेशन प्रतिनिधि छनौट कार्यक्रमलाई सम्बोधन गर्दै यादवले मुलुकको अहिलेको संसदीय प्रणाली पटक पटक असफल भइसकेको भन्दै मुलुकमा राजनीतिक स्थिरता कायम गर्न निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताएका हुन् । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र समानुपातिक प्रणालीबाट छनौट हुने संसद आवश्यक भएको उनको भनाइ छ । उनले मुलुक स्वेच्छाचारी तानाशाहको चंगुलमा फस्ने सम्भावना देखिएकोले जनतालाई सचेत र सजग हुन आग्रह समेत गरे । अध्यक्ष यादवले प्रधानमन्त्रीले नै हाकाहाकी पार्टी फुटाएको भनेकाले लोकतन्त्रको भविष्य आफुले नदेखेको बताए ।

नेपालमा संसदीय व्यवस्था नै असफल भइसकेको बताउँदै यादवले अहिले संसदमा सरकारले मार्सल लगाइरहेको दाबी गरे ।

जसपा नेपाल मोरङ निर्वाचन क्षेत्र नम्बर ५ ले केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्न आयोजना गरेको कार्यक्रममा उनले लोकतन्त्र माथि प्रहार गर्ने क्रममा सरकारले प्रेसमा हमला गरेको आरोप लागए । सहकारीको बचत रकम हिनामिना गरेको समाचार सार्वजनिक गरेका कारण सरकारले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरेको यादवले दाबी गरे ।

## प्रधानमन्त्री लोकतन्त्र सिध्याउने खेलमा लागे

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री प्रचण्ड लोकतन्त्र सिध्याउने खेलमा लागेको टिप्पणी गरेका छन् । उनले सत्ता टकाउने प्रधानमन्त्रीले राज्य शक्तिको दुरुपयोग गरेर आफ्नो पार्टी फुटाएको आरोप लगाएका छन् । 'प्रधानमन्त्री आफैं भन्दै हुनुहुन्छ सरकार टिकाउनका लागि जसपालाई फुटाएँ, जे पनि गर्छु', उनले भने, 'प्रधानमन्त्रीले जे गरेर पनि सत्ता टिकाउने र राज्यको शक्ति र स्रोतलाई दुरुपयोग गरेर पार्टी फुटाउने कार्य भनेको लोकतन्त्रलाई सिध्याउने अभ्यास हो, लोकतन्त्रलाई सिध्याउने खेल राज्यबाट भइरहेको छ ।' उपेन्द्र यादव अमेरिका रहेका बेला पार्टीका कार्यवाहक अध्यक्ष राजेन्द्र श्रेष्ठ र सात जना सांसदलाई साथमा लिएर राष्ट्रिय परिषद अध्यक्ष अशोक राईले अर्को पार्टी गठन गरेका थिए ।

# पार्टीका कुनै पनि गतिविधि रोकिँदैनन्ः महासचिव राई



**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट अलग भई गठन भएको जनता समाजवादी पार्टीका महासचिव मोहम्मद इस्तियाक राईले पार्टीको कुनै पनि गतिविधि नरोकिने बताएका छन् । बिहीबार महासचिव राईले एक विज्ञप्ति जारी गरी पार्टीका कुनै पनि गतिविधि नरोकिने बताएका हुन् । सर्वोच्च अदालतबाट अर्को आदेश नआएसम्म निर्वाचित जनप्रतिनिधिको बाँकी सनाखत गर्ने काम अल्पकालीन अन्तरिम आदेशबाट तत्काललाई रोकिएको बताउँदै राईले पार्टीको विस्तारलगायतका बाँकी काम गर्न सकिने बताए । जसपामा समर्थन गरी सनाखत गरेका जनप्रतिनिधिहरूको पक्षधरता यथावत् कायम हुने समेत सो पार्टीले दाबी गरेको छ । सर्वोच्चमा मुद्दा विचाराधीन रहेको अवस्थामा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अर्को मुद्दा दायर गरेर जनतामा भ्रम छर्ने काम गरेको समेत उनले बताएका छन् । राईले सातजना सांसद जसपाको होइन भने कुरा सर्वोच्च अदालतको अल्पकालीन आदेशमा नभएको र पुनः त्यसले विश्वासको मत दिन नपाउने भनी कसरी र किन रिट दायर गरेको भन्दै प्रश्न समेत गरेका छन् ।

त्यस्तै सर्वोच्चले पार्टीलाई यथावत् अवस्थामा राखी निर्वाचन आयोगलाई छलफलका लागि बोलाएको छ । यी सबै कुरालाई प्रभावित पार्ने गरी जसपा नेपालका अध्यक्ष यादवले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर गरेकोप्रति महासचिव राईले आपत्ति समेत जनाएका छन् ।

# प्रेस सेन्टरले पुरस्कार वितरण गर्ने

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रेस सेन्टर नेपाल पर्साले दुई प्रकारको पत्रकारिता पुरस्कार वितरण गर्ने भएको छ । सेन्टरको जिल्ला समितिको बैठकले स्वःपत्रकार कृष्णसेन स्मृति दिवसको अवसरमा जेठ १३ गते पर्ने कृष्णसेन स्मृति सम्मान र प्रेस सेन्टर पर्सा क्रियाशील पत्रकारिता पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।

पुरस्कार वितरणका लागि मापदण्ड बनाउन केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज निरज पिठाकोटेको संयोजकत्वमा केन्द्रीय सदस्य जगत राई र जिल्ला अध्यक्ष दीपक गौतम सदस्य रहने गरी समिति बनाएको छ । समितिले मापदण्ड बनाएर पुरस्कार छनोट समितिलाई बुझाई सकेको संयोजक पिठाकोटेले जानकारी दिए । त्यसैगरी पुरस्कार छनोटका लागि केन्द्रीय प्रतिनिधि सन्तोष पौडेलको संयोजकत्वमा सचिव शिवनाथ यादव र सदस्य अजित भुजेल रहेको छनोट समिति बनाएको छ । पुरस्कारको राशी २१–२१ हजार रुपैयाँ रहेको छ । पुरस्कार जेठ १२ गते कार्यक्रमको आयोजना गरि वितरण गरिने छ ।

# लोसपाको महासचिवमा यादव मनोनित

**मधेशदृष्टि**
**वीरगंज ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको महासचिव पदमा शीतलप्रसाद यादव मनोनित भएका छन् । अध्यक्ष महन्थ ठाकुरले सिरहाका यादवलाई पार्टीको संशोधित अन्तरिम विधानअनुसार केन्द्रीय सदस्य यादवलाई महासचिव पदमा मनोनित गरेका हुन् ।

लोसपा नेपालले महाधिवेशन लक्षित सदस्यता वितरण अभियान सुरु गरेको छ । जसअनुसार सिरहामा आगामी शनिबार सदस्यता वितरण कार्यक्रम हुने तय भएको छ । गत असोज ८ गते अध्यक्ष ठाकुरले तीन सय ११ सदस्यीय केन्द्रीय समिति घोषणा गरेका थिए । कार्यसमितिमा अध्यक्षसहित ६४ जना पदाधिकारी रहेकामा राजेन्द्र महतो, अनिलकुमार झा, केशव झा, कौशलकुमार सिंहलगायत पदाधिकारीले पार्टी छाडिसकेका छन् । महतो, सिंह र केशव झा राष्ट्रिय मुक्ति क्रान्ति नामक अभियान सञ्चालन गरि देशदौडाहामा हिनिरहेका छन् ।

# नेपालका लागि भारत एउटा राम्रो व्यापारिक साझेदार होः पौडेल



**मधेशदृष्टि**
**वीरगंज ।**
कोलकाता स्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत इश्वरराज पौडेलले ठूलो व्यापार घाटा रहेपनि नेपालका लागि भारत एउटा राम्रो व्यापारिक साझेदारको रुपमा रहेको बताएका छन् । पीएचडी चेम्बर अफ कमर्स एण्ड इण्डष्ट्रिज भारत नेपाल सेन्टरले बिहीबार वीरगंजमा आयोजना गरेको 'मल्टिमोडेल लजिष्टिक एण्ड कनेक्टिभिटी समिट २०२४' मा बोल्दै उनले भारतसँग द्विपक्षीय विकासका लागि भएको विभिन्न सम्झौताहरुहरुले थप उत्साहित बनाएको बताए । आयातमा आधारित अर्थतन्त्रले भारतसँगको ठूलो व्यापार घाटा रहेपनि नेपालका लागि भारत प्रमुख साझेदार रहेको बताए । कार्यक्रममा वीरगंज स्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत देवी सहाय मीणाले नेपाल भारतबीचको सबन्ध अटुट रहेको बताउँदै नेपालको आर्थिक विकासका लागि भारत सधैं तयार रहेको बताए ।

उनले नेपाल भू–परिवेष्ठित देश भएपनि तेश्रो मुलुकबाट आयात गर्नका लागि भारतीय भूमिबाट पारवहन सेवा सहजीकरण गरिएको बताए । नेपाल र भारतको द्विपक्षीय विकासका लागि बहुआयामिक पारवहन सञ्जाल महत्वपूर्ण रहेको वक्तहरुले बताएका थिए । लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास निर्माणको रुपान्तारणको चरणमा नेपाल रहेकाले भारतसँगको व्यापार सम्बन्धले थप मजबुत हुँदै जाने बताए ।

नेपाल इन्टर मोडल यातायात विकास समितिका कार्यकारी अधिकृत आशिष गजुरेलले पारवहन सञ्जालका लागि नेपालमा हाल ८ वटा बन्दरगाहहरु सञ्चालनमा रहेको र यसको भौतिक पूर्वाधार विस्तार र संरचना निर्माणमा पनि निरन्तर लागिरहेको बताए । कार्यक्रमा नेपाल उद्योग वाणिज्य महासंघका मधेश प्रदेश अध्यक्ष अशोक टेमानी, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैद्यलगायतले धारणा व्यक्त गरेका थिए ।

# स्थानीय तहमा ज्यालादारी र करार कर्मचारी नियुक्तिको विकृति

**मधेशदृष्टि**
**वीरगंज ।**
स्थानीय तहमा आवश्यक कर्मचारी नियुक्तिका लागि सरकारले व्यवस्था नमिलाउदा अधिकांश स्थानीय तहले मनपरि रुपमा कर्मचारी नियुक्त गरिरहेका छन् । पालिकाहरुमा दैनिक ज्यालादारी तथा करारमा कर्मचारी नियक्ति गर्ने विकृति बढ्दै गएको छ । निर्वाचित जनप्रतिनिधिहरुले आफू निकटका कार्यकर्ता, नातागोतालाई दैनिक ज्यालादारी तथा करारमा नियुक्ति दिँदा काम प्रभावित हुँदै गइरहेका छन् भने स्थानीय तह बदनाम समेत भइरहेको छ । पर्साका स्थानीय पालिकाहरुमा निर्वाचित जनप्रतिनिधिहरुले मात्रै झण्डै १५ सयको हाराहारीमा दैनिक ज्यालादारी तथा करारमा कर्मचारी नियुक्त गरेका छन् । नियुक्ति पाएका मध्ये अधिकांश जनप्रतिनिधिका कार्यकर्ता र निकटका व्यक्तिहरु रहेको तथा केही भनसुनको आधारमा जागिर पाएका छन् । मधेश प्रदेशमा अन्य प्रदेश भन्दा बढी करार र दैनिक ज्यालादारीका कर्मचारीहरु भर्ना भएका छन् । कतिपय वडा सचिवमा समेत करारका कर्मचारी खटाइएको भेटिएको छ भने वडा सचिव नहुँदा कार्यालय सहयोगीले समेत वडा सचिवको काम गर्ने गरेको भेटिएको छ । एउटा वडा सचिवले २ वटा वडा पनि हेर्ने गरेका छन् तर संघीय तथा सामान्य प्रशसन मन्त्रालयले स्थानीय तहको रिक्त रहेको पदमा विज्ञापन नखुलाउदा समस्या बढ्दै गएको जानकार बताउँछन् । कतिपय स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले अदक्ष्य व्यक्तिलाई नियक्ति गर्दा सेवा प्रवाहमा समेत समस्या भएको देखिएको छ । यता लामो समयदेखि स्थानीय तहमा काम गर्दै आएको हुँदा आफूहरुलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी नियुक्ति गर्नु पर्ने समेत उनीहरुले माग गर्दै आएका छन् ।

# जनजागृतीलाई कलैया उपमहानगरपालिका कपको उपाधि

**संजय तिवारी**
**कलैया ।**
दोश्रो कलैया उपमहानगरपालिका कप फुटबल प्रतियोगिताको उपाधि जनजागृती युवा क्लब निजगढले जितेका छ । कलैया–२१ को भोडहा स्थित फुटबल मैदानमा बिहीबार सम्पन्न फाईनल खेलमा जनजागृतीले समाज विकास युवा क्लब भोडाहालाई १ गोलले पराजित गर्दै उपाधि उचालेको हो ।

जनजागृतीका बिक्रम लामाले पहिलो हाफको ३२ औं मिनटमा गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पछि दुवै टिमबाट गोल नभएपछि लामाको गोल निर्णायक बनयो । विजयी टोलीलाई कलैया उपमहानगरपालिकाकी उपप्रमुख रौशन प्रविनले शिल्ड तथा नगद पुरस्कार प्रदान गरेकी




थिईन भने उपविजेता टोलीलाई नेकपा एमाले बाराका अध्यक्ष अध्यानन्द पाण्डेयले पुरस्कार प्रदान गरेका थिए । उपाधि विजेता जनजागृतिले नगद तीस हजार रुपयाँ र शिल्ड प्राप्त गर्यो भने उपविजेता प्रदान गरिएको थियो भने उपविजेता टोलीलाई नगद बीस हजार रुपैयाँसहित शिल्ड प्रदान गरिएको थियो । जेठ ३ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विभिन्न ८ वटा टोलीको सहभागिता रहेको थियो ।

# क्रसर उद्योगमा एकजनाको शव भेटियो, अर्का घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा क्रसरको फित्तामा टाउको फसेको अवस्थामा एक युवकको शव फेला परेको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका–६ मा रहेको कमला स्टोन क्रसरमा स्थानीय गोदरका २० वर्षीय अर्जुन यादवको शव फेला परेको हो ।

मजदुरी गर्दै आएका यादवको शव ढुंगा फोड्ने मेसिनको फित्तामा टाउको च्यापिएको



अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी रञ्जन अवाले जानकारी दिए ।

सोही क्रसरमा काम गर्ने बाराक निजगढ बस्ने ४५ वर्षीय खेमकुमार मगर घाइते अवस्थामा भेटिएका छन् ।

मृतकका मामा खुसीलाल यादवले घटना शंकास्पद भएको भन्दै गम्भीर रुपमा अनुसन्धान गर्न माग गरेका छन् । प्रहरी घटनास्थल पुगेर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ ।

# नालाको रडले छेडिएर बालक गम्भीर घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिमरा विमानस्थल अगाडि नालाको रडले छेडिएर एक बालक गम्भीर घाइते भएका छन् । घाइते हुनेमा बाराकै जीतपुरसिमरा उपमहानगरपालिका १ बस्ने आठ बर्षिय प्रितराज गिरी रहेका छन् । सिमरा विमानस्थलको मुख्य गेटदेखि उत्तरतर्फ जाने सडकमा बनाइएको नालामा बिहीबार घटना भएको हो ।

नालाको रडले बालकको पेटमा छेडेको छ । बालकलाई सिमरास्थित अल्पाइन अस्पतालबाट प्रारम्भिक उपचार पछि थप उपचारका लागि परवानीपुरस्थित एलएस न्यूरो अस्पतालमा पठाइएको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक चिरञ्जिवी दाहालले जानकारी दिए । नाला निर्माणको ठेक्का लिएका ठेकेदार कम्पनीको लापरवाहीका कारण उक्त घटना भएको हो । नालाका लागि बनाइएको ढलानमा रड नछोपिएको र बालक खेल्ने क्रममा लडेर उक्त रडमा छेडिन पुगेको स्थानीयले बताएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन